गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को मासिक प्रकाशन

ग्लोबल एनआरएन पत्र

Issue 22, Feb- April, 2023



# गैरआवासीय नेपाली नागकिताको मुद्दा सम्बोधन गर्ने राष्ट्रपति पौडेलको प्रतिबद्धता

गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष रबिना थापा र अध्यक्ष कुल आचार्यको प्रतिनिधित्वमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटघाट सम्पन्न भएको छ । राष्ट्रपति निवासमा शुक्रबार (१७ मार्च २०२३ ) मा भएको भेटमा कार्यकारी अध्यक्ष थापाले राष्ट्रपति पौडेललाई विश्वभर का गैरआवासीय नेपालीको प्रतिनिधित्व गर्दै संघको तर्फबाट सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । अध्यक्ष थापाले लामो समयदेखि संघले उठाउँदै आएको गैरआवासीय नेपाली ऐन, वंशजको आधारमा साबिकमा प्राप्त नागरिकताको निरन्तर ता, सम्पत्तिको अधिकार, वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न चाल्नुपर्ने कदम लगायतका विषयमा राष्ट्रपति पौडेलको ध्यानाकर्षण गराउनुभयो।

सो अवसरमा संघका अध्यक्ष कुल आचार्यले गैरआवासीय नेपाली नागरिकताको प्रावधान समेत समेटिएको नागरिकता विधेयकलाई यथाशक्य पूर्णता दिई विश्वभरका गैरआवासीय नेपालीले लामो समयदेखि उठाउँदै आएको नागरिकताको विषय सम्बोधन गर्न राष्ट्रपति समक्ष आग्रह गर्नुभयो । अध्यक्ष आचार्यले गैरआवासीय नेपालीको नेपालमा रहेको सम्पत्तिमाथिको अधिकार सम्बन्धमा स्पष्ट कानूनी व्याख्या नहुँदा समस्या भोग्नुपरेको भन्दै उक्त विषय सम्बोधनका लागि पनि आग्रह गर्नुभयो । नेपालमा लगानीको वातावरण स्थापित गर्न अझै कयौँ कानूनी व्यवधान रहेको भन्दै अध्यक्ष आचार्यले पूँजी पलायन रोक्न र लगानी भित्र्याउने वातावरण निर्माण गर्नु आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा संस्थापक अध्यक्ष डा उपेन्द्र महतो ले नेपाली जहाँ रहेपनि समृद्ध नेपाल निर्माणका लागि उत्साही र इच्छुक रहेको बताउनुभयो । गैरआवासीय नेपालीहरूले समृद्ध मुलुक निर्माणका लागि आफ्नो तर्फबाट अभियान थालिसकेको भन्दै डा महतोले उक्त अभियानको कुशल अभिभावकत्वका लागि राष्ट्रपति पौडेललाई अनुरोध गर्नुभयो । गैर आवासीय नेपाली संघका प्रतिनिधिमण्डललाई सम्बोधन गर्दै सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले आफू गैरआवासीय नेपालीका गतिविधि र अभियानबारे जानकार रहेको भन्दै संघले उठाएका मुद्दा सम्बोधनमा सकारात्मक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

गैरआवासीय नेपाली नागरिकताको विषय नागरिकता विधेयकमै समावेश भएको र त्यसमा कुनै समस्या नरहेकोले सो विषय पनि केही समयभित्रै सम्बोधन हुने राष्ट्रपति पौडेलको भनाइ थियो । राष्ट्रपति पौडेलले समग्र मुलुकको विकासका लागि हातेमालो गर्न गैरआवासीय नेपालीलाई आह्वान गर्दै आफ्नो तर्फबाट गर्नुपर्ने सहकार्यका लागि तयार रहेको बताउनुभयो ।

भेटका क्रममा अन्तर्राष्ट्रिय समन्वय परिषद्का सचिव गोविन्द प्रसाद गौतम, प्रवक्ता सोम सापकोटा, कोषाध्यक्ष लोक प्रसाद दाहाल, सह-कोषाध्यक्ष कृष्ण प्रसाद तिमिल्सिना, यूवा संयोजक अब्दूल वसिद, संस्थापक सचिव चिरिन्जीवि ढकाल, एनसीसी अमेरिकाका अध्यक्ष बुद्धि सागर सूवेदी, एनसीसी क्यानाडाका अध्यक्ष दिपक गौतम, एनसीसी स्पेनका अध्यक्ष शालिग्राम डुम्रे, एनआरएन दक्षिण कोरियाका राजन कूवँर, एनआरएनएन यूएसएका पदम विश्वकर्मा एनआरएनएका फोकल पर्सन सरोज दाहाल, संघका प्रमुख कार्यकारी अधिकृत रवि किरण अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

> "सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले आफू गैरआवासीय नेपालीका गतिविधि र अभियानबारे जानकार रहेको भन्दै संघले उठाएका मुद्दा सम्बोधनमा सकारात्मक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । "

# एनआरएनए कार्यकारी अध्यक्षको जिम्मेवारी हस्तान्तरण

गैरआवासीय नेपाली संघ (एनआरएनए) को कार्यकारी अध्यक्षको जिम्मेवारी डा. बद्री केसीले सम्हाल्नु भएको छ । गैरआवासीय नेपाली संघको आयोजनामा (अप्रिल ७ २०२३) शुक्रवार काठमाण्डौंमा आयोजित एक पत्रकार सम्मेलनकाबीच कार्यकारी अध्यक्ष रविना थापाले औपचारिक रूपमा कार्यकारी पद हस्तान्तरण गर्नुभयो ।



पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष डा. केसीले गैरआवासीय नेपाली संघको १० औँ महाधिवेशनमा देखिएको विशेष परिस्थितिका कारण संघको अभियानबाट बाहिर रहेका नेपाली गैरआवासीय नेपालीहरूलाई एकताको सुत्रमा बाँध्नु पहिलो प्राथमिकता हुने बताउनु भयो । १९ बुँदे प्रतिबद्धता पत्र जारी गर्दै डा. केसीले संस्थामा सबैको अपनत्व हुने गरि एकता कायम गर्न विशेष पहल कदमी लिइने बताउनुभयो ।

# एनआरएनएद्वारा राष्ट्रिय आविष्कार केन्द्रलाई ६३ लाख ९ हजार भन्दा बढीको सहयोग सामाग्री हस्तान्तरण




गैरआवासीय नेपाली संघ (एनआरएनए) ले राष्ट्रिय आविष्कार केन्द्रलाई ६३ लाख ९ हजार बहत्तर रूपैयाँ बराबरको सहयोग गरेको छ । सामाजिक साझेदारीको अवधारणा अन्तर्गत एनआरएनएले २०७२ वैशाख १२ गतेको विनाशकारी महाभूकम्पपछिको पुर्ननिर्माणका क्रममा सुरु गरेको लाप्राक बस्ती विकास आयोजनाका लागि खरिद गरिएका निर्माण उपकरण, औजार र सवारी साधन तथा बालुवाटारस्थित एनआरएनए सचिवालयले खरिद गरेका फर्निचर तथा सामाग्रीहरू एनआईसीलाई सहयोगस्वरूप हस्तान्तरण गरिएको हो । हस्तान्तरण गरिएका उपकरण एवं सामाग्रीहरू आविष्कार केन्द्रको वीरगन्जस्थित कृषि औजार कारखाना लिमिटेडको पुर्नस्थापनाका लागि प्रयोग गरिनेछ ।

उक्त अवसरमा संघका कार्यकारी अध्यक्ष रबिना थापाले नेपालका वैज्ञानिक तथा समाजसेवी महावीर पुनले राष्ट्रिय आविष्कार केन्द्रको स्थापनासहित मुलुकमा वैज्ञानिक अनुसन्धान, सूचना–प्रविधि तथा समाजका अन्य क्षेत्रमा राष्ट्रको उन्नति र संवर्द्धनका लागि पुर्‍याएको योगदानको प्रशंसा गर्नुभयो । एनआरएनएले प्रदान गरेका ती उपकरणले प्रविधि र विज्ञानको क्षेत्रमा अतुलनीय योगदान पुर्याइरहेको रहेको आविष्कार केन्दलाई मद्दत पुग्ने आशा राखेको उहाँको भनाई थियो ।

संघका अध्यक्ष कुल आचार्यले विदेशमा बसेका नेपालीहरूले आविष्कार केन्द्रलाई यथाशक्य सहयोग गर्ने प्रतिबद्धता जनाउँदै पुनको सक्षम नेतृत्वमा मुलुकभित्रै विभिन्न आविष्कार भइरहेकोप्रति खुशी व्यक्त गर्नुभयो । संघले समृद्ध नेपाल निर्माणका लागि विदेशमा रहेका नेपालीहरू आ–आफ्नो स्थानबाट सहयोग गरिरहेको भन्दै अध्यक्ष आचार्यले आविष्कार केन्द्रमार्फत मुलुकमा नवीनतम विकासका लागि साझेदारी गर्न पाउँदा गौरवान्वित महसुस भएको बताउनुभयो ।

संघका उपाध्यक्ष आर के शर्माले विदेशमा सिकेको ज्ञान र सीपलाई मुलुकमा प्रयोग गर्न फर्कने हुटहुटी सधैं चलिरहने भएपनि विभिन्न कारण फर्कन नसकेको प्रसंग जोड्दै महावीर पुनले देशमा फर्केर गरिरहेको कामले एनआरएनलाई प्रेरणा प्राप्त भएको बताउनुभयो । समृद्ध मुलुक निर्माण र विकासका लागि आविष्कार केन्द्रसँग एनआरएनएले सदैव सहकार्य गर्ने शर्माको भनाई थियो । संघका प्रवक्ता सोम सापकोटाले मुलुकमा कृषि सामाग्रीको आयात बढ्दो क्रममा रहेको अवस्थामा विगत ३ दशकदेखि बन्द रहेको कृषि औजार कारखाना सञ्चालनका लागि आविष्कार केन्द्रले लिएको पहलकदमीले नेपालको कृषि क्षेत्रको विकास तथा प्रवर्धनका लागि थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा आविष्कार केन्द्रका संस्थापक महाबीर पुनले संघले गरेको सहयोगप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोगको अपेक्षा राखेको बताउनुभयो । कृषिप्रधान देश भएपनि कृषि औजार बनाउने कारखाना नै ३ दशकदेखि बन्द रहँदा आफूलाई केही गर्नैपर्छ भन्ने महसुस भएकोले पनि वीरगञ्जस्थित कृषि औजार कारखाना पुनःसञ्चालनको योजना अघि सारेको पुनको भनाई थियो । उक्त योजनामा संघले सहयोगको लागि अग्रसरता देखाएकोमा पुनले खुशी व्यक्त गर्नुभयो । देशैभरिका किसानहरूले आविष्कार केन्द्रबाट ठूलो अपेक्षा राखेकोले पनि कृषि औजार कारखाना पुर्नस्थापनाका लागि आफू अहोरात्र खटिरहेको उहाँको भनाई थियो । कार्यक्रमको सञ्चालन संघका सचिव गोविन्द प्रसाद गौतमले गर्नुभएको थियो । एनआरएनएले समुदायको हितका लागि खरिद गरिएका सामाग्री समुदायलाई नै हस्तान्तरण गर्ने असल मनशायसहित आविष्कार केन्द्रलाई सहयोग गरेको हो ।

राष्ट्रिय आविष्कार केन्द्रको सहयोगको लागि "मेक इन नेपाल" र "स्थानीय नवप्रवर्तन" को अवधारणा अन्तर्गत संघ तथा संघका अभियन्ताहरूले व्यक्तिगत रूपमा आर्थिक सहयोग गर्दै आउनुभएको छ । उक्त अवधारणाबाट प्रेरित भई संघले यसअघि पनि आविष्कार केन्द्रलाई रू। १२,८७,५८०।४८ ) बाह्र लाख सतासी हजार पाँचसय असी रूपैयाँ अड्चालिस पैसा) हस्तान्तरण गरिसकेको छ । आविष्कार केन्द्रलाई प्रोत्साहन गर्नकै लागि भन्दै संघका पूर्वअध्यक्ष भवन भट्टद्वारा स्थापित रू। एक करोड राशिको 'भवन किर्ती रत्न' पुरस्कार आविष्कार केन्द्र तथा एनआईसीका संस्थापक पुनलाई प्रदान गरिएको थियो । कार्यक्रममा गैरआवासीय नेपाली संघका विभिन्न राष्ट्रिय समन्वय परिषद्का पदधिकारी तथा प्रतिनिधि, आविष्कार केन्द्रका प्रतिनिधि, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

# परराष्ट्र मन्त्री एनपी साउदलाई बधाई तथा शुभकामना

गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष डा बद्री केसी र अध्यक्ष कुल आचार्यको नेतृत्वको प्रतिनिधिमण्डलले परराष्ट्र मन्त्री एनपी साउदलाई भेटेर बधाई तथा शुभकामना व्यक्त गरेको छ । भेटमा संघका कार्यकारी अध्यक्ष डा केसीले संघले उठाँउदै आएको नागरिकता, एनआरएन नियमावली परिमार्जन, नेपालमा लगानीका वातावरण लगायतका विषयमा मन्त्री साउदको ध्यानार्कषण गराउनु भएको थियो । संघले मन्त्री साउद समक्ष ८ बुँदे माग पत्र समेत प्रस्तुत गरेको थियो । अध्यक्ष कुल आचार्यले गैरआवासीय नेपाली नागरिकता तथा लगानीका कानुनी प्रक्रिया लगायतका विषयमा संबोधनका लागि पहल गरिदिन हुन अनुरोध गर्नु भएको थियो ।



सो अवसरमा युरोप क्षेत्रमा मे ५ देखि ७ तारिखसम्म चेक रिपब्लिकमा आयोजना हुने क्षेत्रीय बैठकमा प्रमुख आतिथ्यताका लागि मन्त्री साउदलाई निमन्त्रण गरिएको र उहाँले उक्त बैठकलाई प्राथमिकतामा राखी सम्पर्कमा रहने समेत जानकारी दिनु भयो । भेटमा गैरआवासीय नेपाली संघका सचिब गोबिन्द गौतम, अमेरिका क्षेत्रका संयोजक राम.सि पोखरेल, एनसीसी रसियाका अध्यक्ष शिवमणी भुर्तेल लगायत भाषा साहित्य विभागका प्रमुख हिक्मत थापा, तेज शाह, नरेश कोइराला, रमेश पौडेल, रमेश दाहाल, भगवती बस्नेत, सरोज दाहाल, दीपक कर्ण, जीवन बम, देवेन्द्र भट्टराई तथा सचिवालयका प्रमुख कार्यकारी अधिकृत रवि किरण अधिकारीको उपस्थिति थियो ।

# आगामी बजेटमार्फत एनआरएनएका धेरै मागहरू सम्बोधन हुन्छन् : अर्थमन्त्री डा. प्रकाशशरण महत

गैरआवासीय नेपाली संघ (एनआरएनए) को प्रतिनिधिमण्डलले अर्थमन्त्री डा. प्रकाशशरण महतसँग भेट गरेको छ । कार्यकारी अध्यक्ष डा बद्री केसीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले ज्ञापनपत्रमार्फत् अफ्ना समस्या अर्थमन्त्री डा. महतसमक्ष राखेका थिए ।



एनआरएनए प्रतिनिधिले लगानीमैत्री वातावरण, नागरिकताको निरन्तरता, सम्पत्तिको सुरक्षा लगायतका विषय सम्बोधनका लागि आग्रह गरेका थिए । सो अवसरमा अर्थमन्त्री महतले आगामी बजेटमार्फत एनआरएनएका धेरै मागहरू सम्बोधन हुने बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालमा अहिले लगा(नीको समस्या छ, सुरक्षित लगानीका लागि एनआरएनएको साथमा सरकार छ, सरकारले एनआरएनएलाई निराश हुने काम कहिले गर्दैन ।

लगानी गर्न चाहनेले कुनै कारणबाट निरूत्साहित हुनु पर्दैन, आगामी बजेटमार्फत् पनि धेरै कुरा सम्बोधन गर्ने प्रयास गर्छु ।' लगानी मैत्री वातावरणमा समस्या भए आर्थिक ऐनमार्फत् सम्बोधन गरिने आश्वासन मन्त्री डा. महतले दिनुभयो ।

भेटमा एनआरएनए संस्थापक महासचिव भीम उदास, वर्तमान कोषाध्यक्ष कृष्ण तिमल्सिना, पूर्व उपाध्यक्ष रामेश्वर साह, सोनाम लामा, एनआरएनए युके पूर्वअध्यक्ष योगेन क्षेत्रीलगायत पदाधिकारीको सहभागिता थियो ।

## टर्कीका भूकम्पपीडितलाई एनआरएनएको सहयोग

टर्कीमा गएको विनासकारी भूकम्पका पीडितका लागि एनसीसी टर्कीले गरिरहेको सामाजिक कार्यमा ऐक्यबद्धता र समर्थन जनाउँदै गैरआवासीय नेपाली संघले ५ हजार डलर आर्थिक सहयोग गरेको छ । यसअघि संघको आइसीसी बैठकले टर्कीलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको थियो । संघले १२ मार्च, २०२३, आइतबार एनआरएनए टर्कीका अध्यक्ष उज्जल कुमार घिसिङलाई सो रकम हस्तान्तरण गरेको हो ।

यसैबीच ११३ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर १२ मार्च, २०२३, आइतबारमा आयोजित कार्यक्रममा ४ हजार १ सय १९ डलर १९ सेन्ट आर्थिक सहयोग हस्तान्तर गरेको छ । गैरआवासीय नेपाली संघ अन्तर्गतको महिला विभागद्धारा आयोजित कार्यक्रमकाबीच उक्त रकम हस्तान्तरण गरिएको हो । एनआरएनए टर्कीका अध्यक्ष उज्जल कुमार घिसिङलाई उपसभामुख इन्दिरा रानामार्फत सो रकम हस्तान्तरण गरिएको हो । आर्थिक संकलनको लागि एनआरएनए मिडिया समितिकी सहसंयोजक बाबा राजेश्वरी थापाले विशेष पहलकदमी लिनुभएको थियो ।

## मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्सका प्रतिष्पर्धीलाई एनआरएनएको सम्मान

गैरआवासीय नेपाली संघ (एनआरएनए)ले 'मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स' को विश्वस्तरीय प्रतिष्पर्धाका लागि इन्ट्रानेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकामार्फत नेपाल आउनुभएका नेपाली मुलका कलाकारलाई विशेष सम्मान गरेको छ । ९ अप्रील २०२३ मा संघको काठमाडौँस्थित सचिवा(लयमा आयोजित कार्यक्रममा विश्वका विभिन्न देशमा बसोबास गर्ने नेपाली मुलका २ सय जना कलाकारलाई सम्मान गरिएको हो । इन्ट्रानेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकाको आयोजनामा हुन लागेको प्रतिस्पर्धामा नेपालसहित, भारत, थाइल्याण्ड, म्यानमार, अमेरिका, अष्ट्रेलिया, यूरोपेली विभिन्न मुलुक लगायतका नेपाली मुलका २ सय ४० प्रतिष्पर्धीहरू छन् ।

कार्यक्रममा संघका कार्यकारी अध्यक्ष डा बद्री केसीले नेपाली कला, भाषा र संस्कृतिको संरक्षण,सम्बर्धन र प्रवर्धन गर्दै विश्वभरका नेपाली जातिलाई संस्कृतिका माध्यमबाट जोड्ने अभियानमा नेतृत्वदायी योगदान गरेकोप्रति सम्मान प्रकट गर्दै मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्सको भव्य सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

दोस्रो पुस्ताका नेपालीलाई नेपालसँग जोड्ने अभियानमा एनआरएनले लामो समयदेखि पहल गर्दै आएको अध्यक्ष केसीले बताउनुभयो । उहाँले भन्नुभयो, "हामी सबै नेपाली जो जहाँ भएपनि सबैले नेपाललाई आमा भन्न पाउनुपर्छ, अझ दोस्रो पुस्ताले आफ्नो पुर्खाको भूमिलाई बिर्सनु हुन्न भनेर हामीले तपाईहरूलाई नेपालसँग जोड्न चाहेको छौं, तपाई सबै जना अब नेपाली माटोसँग जोडिनुपर्छ ।" संसारभरिबाट आउने नेपालीले मातृभूमि र पितृभूमि सम्झेर देशको समृद्धिमा जोडिनुपर्ने अध्यक्ष केसीको भनाई थियो । हरेक गैरआवासीय नेपालीलाई नागरिकताको सुनिश्चिताका लागि आफू प्रतिबद्ध रहेको अध्यक्ष केसीको भनाई थियो ।



कार्यक्रममा संघका उपाध्यक्ष डिबी क्षेत्रीले दोस्रो पुस्ताका नेपालीलाई नेपालसँग जोड्न गैरआवासीय नेपालीले गरिरहेको पहलको जानकारी गराउँदै संघले फाउण्डेशनसँग सहकार्य गर्दै नेपाली भाषी र नेपाली मुलका सबैलाई नेपालसँग जोड्ने महान अभियान सुरू भएको बताउनुभयो ।

यस्तै, इन्ट्रानेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकाका अध्यक्ष डिल्ली अधिकारीले गीत र संगीतका माध्यमबाट भाइचारासहितको नेपाली जातिय एकता सुरू गरेको र त्यसमा एनआरएनएको सहकार्यका लागि आभार व्यक्त गर्नुभयो । थाइल्याण्ड, म्यानमार लगायतका देशमा रहेका नेपालीलाई पनि कानूनी आधारसहितको परिपत्र प्रदान गर्न गैरआवासीय नेपाली नीति संशोधनका लागि उहाँले आग्रह गर्नुभयो । सचिव गोविन्द प्रसाद गौतमले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रममा संघका उपाध्यक्ष दुर्गा आचार्य लगायत नेपालमा रहेका अन्य पदाधिकारीको उपस्थिति रहेको थियो ।

## विदेशमा आर्जन गरेको ज्ञान सीप मातृभूमिको समृद्धिका लागि प्रयोग गर्नूस् : उपराष्ट्रपति

गैरआवासीय नेपाली संघका प्रतिनिधि र सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवबीच भेटघाट भएको छ। कार्यकारी अध्यक्ष रबिना थापा र अध्यक्ष कुल आचार्यको प्रतिनिधित्वमा गएको प्रतिनिधि मण्डलले उपराष्ट्रपति समक्ष गैरआवासीय नेपाली संघले लामो समयदेखि उठाउँदै आएको नागरिकताको निरन्तरता, विदेशमा रहेका नेपालीको सम्पत्तिको सुरक्षा, नेपालमा सहजै लगानीको वातावरण निर्माण लगायत नेपाललाई समृद्ध बनाउन गर्ने सहकार्य लगायतका विषयमा छलफल गरेको थियो।

भेटमा संघका कार्यकारी अध्यक्ष रबिना थापाले संघले लामो समयदेखि नागरिकताको निरन्तरताको लागि आवाज उठाउँदै आएपनि सो विषय टुंगो नलागेको भन्दै त्यसका लागि सकारात्मक पहल गरिदिन उपराष्ट्रपति यादवको ध्यानाकर्षण गराउनुभयो। यस्तै संघका अध्यक्ष कुल आचार्यले सम्पत्तिको सुरक्षा सम्बन्धी कानूनलाई गैरआवासीय नेपालीमैत्री बनाउन र लगानीका लागि विद्यमान बाधा व्यवधान सुल्झाउन सकारात्मक पहल गरिदिन आग्रह गर्नुभयो। अध्यक्ष आचार्यले पटक पटकको प्रयासबाट पनि नागरिकताको विषय नटुङ्गिनु दुखद् भएको भन्दै उक्त विषय सम्बोधनका लागि सबै निकायबाट पहल गर्नुपर्नेमा जोड दिनुभयो।

संघका उपाध्यक्ष आर के शर्माले श्रमिकहरूको योगदानलाई मुलुकले यथेचित सम्मान गर्न सक्नुपर्नेमा जोड दिँदै राज्यका सर्वोच्च निकायबाट पनि त्यसका लागि सकारात्मक रूपमा पहल हुनुपर्नेमा जोड दिनुभयो। संघका युवा संयोजक अब्दुल बासिदले गैरआवासीय नेपाली ऐन लगायत गैर आवासीय नेपालीसँग प्रत्यक्ष सरोकार राख्ने विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन र त्यससम्बन्धी नियमावली तथा आदेशमा संशोधन गर्न र लगानी सम्बन्धमा विद्यमान न्युनत्तम मापदण्ड हटाउन सहयोग गर्न उपराष्ट्रपति समक्ष आग्रह गर्नुभयो।




संघका संस्थापक अध्यक्ष डा उपेन्द्र महतोले विश्वभर छरिएर बसेका गैरआवासीय नेपालीहरू नेपाललाई छिट्टै समृद्ध बनाउने अभियानमा लागेको भन्दै उक्त अभियानमा सरकारसँगको सहकार्य र राज्यका सर्वो निकायको समर्थन आवश्यक रहेको बताउनुभयो।

भेटको क्रममा उपराष्ट्रपति यादवले गैरआवासीय नेपालीको लगानी विषयमा यथाशक्य छिटो समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। लगानीका लागि मार्ग प्रशस्त गर्न आफू प्रतिबद्ध रहेको र विदेशमा आर्जन गरेको पुँजी र ज्ञान नेपालको प्राविधिक तथा व्यवसायिक ज्ञान, सीप विकासको क्षेत्रमा निर्धक्क भएर लगानी गर्न समेत आह्वान गर्नुभयो। उक्त अवसरमा आइसीसी उपाध्यक्ष दुर्गा उपाध्यक्ष, सचिव गोविन्द प्रसाद गौतम, पूर्व आइसीसी सदस्य राम बेलबासे, क्षेत्रिय संयोजक (मध्यपूर्व) मनोज कुमार श्रेष्ठ, भगिरथ योगी लगायतका विभिन्न मुलुकका प्रतिनिधहरू र संघका प्रमुख कार्यकारी अधिकृत रवि किरण अधिकारीको उपस्थिति रहेको थियो।

## गन्तव्य मुलुकस्थित नेपाली दूतावासबाटै पुनः श्रम स्वीकृति लिन पाउने व्यवस्थाको एनआरएनद्वारा स्वागत

नेपाल सरकारले वैदेशिक रोजगारका लागि खाडी, मलेसिया र युरोप क्षेत्रमा दुई वर्षका लागि मात्र श्रम स्वीकृति दिने व्यवस्थालाई हटाउँदै गन्तव्य मुलुकस्थित नेपाली दूतावासबाटै पुनः श्रम स्वीकृति लिन पाउने व्यवस्थाको गैरआवासीय नेपाली संघले स्वागत गरेको छ । संघले लामो समयदेखि उठाउँदै आएको यस मुद्दा सम्बोधनका भएको भन्दै यसका लागि प्रत्यक्ष तथा परोक्ष रूपमा भूमिका निर्वाह गर्नुहुने नेपाल सरकार, सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल ज्यू, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय एवं सरोकारवाला सम्पूर्ण निकाय तथा महानुभावप्रति आभार व्यक्त गरेको हो।

वैदेशिक रोजगार विभागबाट हुँदै आएको पुनः श्रम स्वीकृतिको अधिकारलाई नेपाली दूतावासमा प्रत्यायोजन गरेसँगै श्रमिकले गन्तव्य मुलुकस्थित दूतावासबाट नै पुनः श्रम स्वीकृति लिन पाउने बाटो खुलेको छ। यसका साथै, दुई वर्षे करारपत्र पूरा भएपछि पुनः श्रम स्वीकृति लिनुपर्ने बाध्यकारी प्रावधानले नचाहँदा नचाहँदै स्वदेश फर्किनुपर्ने बाध्यता समेत हटेको छ। विशेषतः युरोपेली मुलुक, जापान र परम्परागत खाडी र मलेसिया जाने कामदारलाई सरकारको यस निर्णयले प्रत्यक्ष लाभ पुग्नेछ। श्रम स्वीकृति नभएका बेला भवितव्य परी मृत्यु भएका श्रमिकका परिवारले कानूनतः पाउने राहत, उद्धार लगायतका सुविधा समेत प्राप्त गर्न नसकिरहेको अवस्थामा नेपाल सरकारको यस निर्णयले कानून बमोजिमका सम्पूर्ण सेवा सुविधा पाउने बाटो समेत खुला गरेको छ। साथै, रोजगारीका क्रममा मृत्युवरण गरेका सयौं श्रमिकको शव व्यवस्थापनदेखि श्रम स्वीकृति नभएकै कारण मृतकका परिवारले पाउने राहत तथा सेवा सुविधा नपाउने अवस्थाको पनि अन्त्य हुनेछ। साथै, श्रम सम्झौता नविकरण नगरेकै कारण अवैध र अलपत्र हुने श्रम पनि न्यूनीकरण हुने र वैदेशिक रोजगार कल्याणकारी कोषबाट पाउने सेवा सुविधा प्राप्तिको मार्ग समेत खुलेको छ ।



GoN Registration No.: 01-2070/71

FOR NEPALI BY NEPALI

नेपालीका लागि नेपाली

Non-Resident Nepali Association (NRNA)

गैरआवासीय नेपाली संघ

Ref.

प्रेस वक्तव्य

नेपाल सरकारले वैदेशिक रोजगारका लागि खाडी, मलेसिया र युरोप क्षेत्रमा दुई वर्षका लागि मात्र श्रम स्वीकृति दिने व्यवस्थालाई हटाउँदे गन्तव्य मुलुकस्थित नेपाली दूतावासबाटै पुन: श्रम स्वीकृति लिन पाउने व्यवस्था गरेकोप्रति गैरआवासीय नेपाली संघ हार्दिक आभार व्यक्त गर्दछ। संघले लामो समयदेखि उठाउँदे आएको यस मुद्दा सम्बोधनका लागि प्रत्यक्ष तथा परोक्ष रुपमा भूमिका निर्वाह गर्नुहुने नेपाल सरकार, सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल ज्यू, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय एवं सरोकारवाला सम्पूर्ण निकाय तथा महानुभावप्रति संघ हार्दिक आभार व्यक्त गर्दछ।

वैदेशिक रोजगार विभागबाट हुँदै आएको पुन: श्रम स्वीकृतिको अधिकारलाई नेपाली दूतावासमा प्रत्यायोजन गरेसंगै श्रमिकले गन्तव्य मुलुकस्थित दूतावासबाट नै पुन: श्रम स्वीकृति लिन पाउने बाटो खुलेको छ। यसका साथै, दुई वर्षे करारपत्र पूरा भएपछि पुन: श्रम स्वीकृति लिनुपर्ने बाध्यकारी प्रावधानले नचाहँदा नचाहँदे स्वदेश फर्किनुपर्ने बाध्यता समेत हटेको छ। नेपाल सरकारको यस निर्णयले लाखौं श्रमिकमाझ खुशीको सञ्चार गरेको छ।

विशेषत: युरोपेली मुलुक, जापान र परम्परागत खाडी र मलेसिया जाने कामदारलाई सरकारको यस निर्णयले प्रत्यक्ष लाभ पुग्ने विश्वास लिएका छौं। श्रम स्वीकृति नभएका बेला भवितव्य परी मृत्यु भएका श्रमिकका परिवारले कानूनत: पाउने राहत, उद्धार लगायतका सुविधा समेत प्राप्त गर्न नसकिरहेको अवस्थामा नेपाल सरकारको यस निर्णयले अब उपरान्त कानून बमोजिमका सम्पूर्ण सेवा सुविधा पाउने बाटो समेत खुला गरेको छ।

यसबाट रोजगारीका क्रममा मृत्युवरण गरेका सयौं श्रमिकको शव व्यवस्थापनदेखि श्रम स्वीकृति नभएकै कारण मृतकका परिवारले पाउने राहत तथा सेवा सुविधा नपाउने अवस्थाको पनि अन्त्य हुनेछ। साथै, श्रम सम्झौता नविकरण नगरेकै कारण अवैध र अलपत्र हुने श्रम पनि न्यूनीकरण हुने र वैदेशिक रोजगार कल्याणकारी कोषबाट पाउने सेवा सुविधा प्राप्तिको मार्ग समेत खुलेको छ ।

यसैबीच, गैरआवासीय नेपाली संघले विदेशमा रहेका नेपालीहरुलाई सामाजिक सुरक्षा कोषमा जोड्ने अभियान लगायत अन्य मुद्दाहरु समेत उठाउँदे आएको अवगत नै छ। सामाजिक सुरक्षा कोषको अवधारणा लागू भएपनि बहुसंख्यक श्रमिकहरु कोषमा आबद्ध छैनन्। उनीहरुलाई कोषमा जोड्न सरकारबाट सकारात्मक एवं सचेतनात्मक तथा प्रोसाहनमुलक कार्यक्रम सञ्चालन गर्नेमा आशावादी छ।

उक्त कार्यमा पूर्ण सहकार्य र समन्वयका लागि संघ प्रतिबद्ध छ। साथै संघले उठाउँदे आएका अन्य मुद्दाहरु समेत क्रमश सम्बोधन हुँदे जानेमा हामी आशावादी छौं।

| | | |
|---|---|---|
| कार्यकारी अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| रविना थापा | डा. बद्री के.सी | कुल आचाय |

मिति: १९ मार्च २०२३

P.O.B 1189 Kathmandu, Nepal (977-1) 4426005/4411530 info@nrna.org www.nrna.org

# सामाजिक सुरक्षा कोषमा श्रमिकलाई आबद्ध गराउन एनआरएनएले सरकारसँग सहकार्य गर्ने




गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष रबिना थापाले वैदेशिक रोजगारीमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिलाई लक्षित गरी सामाजिक सुरक्षा योजनाको शुभारम्भ हुनु संघको लागि ठूलो उपलब्धी भएको बताउनुभएको छ । बुधबार (२२ मार्च २०२३ ) सामाजिक सुरक्षा कोषले काठमाडौंमा आयोजना गरेको एक समारोहमा अध्यक्ष थापाले यस योजनामा सहभागी हुन चाहने महिला श्रमिकलाई विशेष ग्राहयता दिनुपर्नेमा जोड दिनुभयो । अध्यक्ष थापाले भन्नुभयो, "महिला श्रमिकले स्वदेश वा विदेशमा पनि कतिपय अवस्थामा पुरूषको तुलनामा कम पारिश्रमिक पाउने गरेको अवस्थालाई स्मरण गराउछु र यस योजनामा समावेश गर्दा उक्त अवस्थालाई ध्यानमा राख्नुपर्ने तर्फ सरकारको ध्यानाकर्षण गराउँदछु ।" पेन्सनसहितको सुविधा पाउने गरी कोषले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा समावेश गराउन सुरू गरेपछि बहुसंख्यक श्रमिकलाई कोषमा आबद्धताको बाटो खुलेको उहाँको भनाई छ । यस्तै संघका अध्यक्ष कुल आचार्यले संघको लामो समयदेखिको पहल सफल भएको भन्दै सरकार र सरोकारवालालाई आभार व्यक्त गर्नुभयो । अध्यक्ष थापाले भन्नुभयो, "संघको निरन्तर प्रयास तथा नेपाल सरकारसँगको निकट सहकार्यको प्रतिफलको रूपमा सामाजिक सुरक्षा कोषले वैदेशिक रोजगारीमा रहेका श्रमिकले पेन्सनसहितको सुविधा पाउने गरी योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सुरू गर्न सफल भएको हो । वैदेशिक रोजगारीमा कार्यरत ४० लाख बढी नेपाली दाजुभाइ दिदीबहिनीहरू तथा परिवार यो योजनाबाट लाभान्वित हुने हामीले अपेक्षा गरेका छौं ।"

संघले लामो समयदेखि उठाउँदै आएको मुद्दामध्येको महत्वपूर्ण मुद्दा सम्बोधन भएको भन्दै उहाँले सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन संघले पनि आफ्नो तर्फबाट यथाशक्य सहयोग गर्ने र सरकारसँगै हातेमालो गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो, "वैदेशिक रोजगारीमा जाने श्रमिकको मुद्दा सम्बोधन भयो, अब प्रभावकारी कार्यान्वयनमा सरकारसँग सहकार्य गर्छौं ।" संघले हजारे अभियानको नामबाट वकालत गर्न थालेको सामाजिक सुरक्षा कोषको अवधारणा सफल बनाउन विभिन्न चरणमा धेरै प्रयासहरू भएको र सामाजिक सुरक्षा कोषको गहिरो अभिरूची सहितको लगाव र सरकारको सकारात्मक पहलले सफलता हासिल भएको अध्यक्ष आचार्यले बताउनुभयो । योजनाको सफल कार्यान्वयन गर्न गैरआवासीय नेपाली संघले नेपाल सरकारसँग सहकार्य जारी राख्ने उहाँको भनाई थियो ।

यसैबीच, अध्यक्ष आचार्यले नेपाल सरकारले वैदेशिक रोजगारका लागि खाडी, मलेसिया र युरोप क्षेत्रमा दुई वर्षका लागि मात्र श्रम स्वीकृति दिने व्यवस्थालाई हटाउँदै गन्तव्य मुलुकस्थित नेपाली दूतावासबाटै पुनःश्रम स्वीकृति लिन पाउने व्यवस्था गरेकोप्रति आभार व्यक्त गर्नुभयो । उक्त समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहालले सामाजिक सुरक्षा कोषको योजना सफल बनाउन गैरआवासीय नेपाली संघले गरेको लामो समयदेखिको पहलको प्रशंसा गर्दै उक्त योजनालाई प्रभावकारी बनाउन सहकार्य गर्न आह्वान गर्नुभयो । उक्त समारोहमा मुख्य सचिव शंकरदास वैरागीले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारी र स्वरोजगारमा रहेका श्रमिकको आबद्धतालाई प्रभावकारी बनाउन गैर आवासीय नेपाली संघको साथ महत्वपूर्ण हुने बताउनुभयो । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले गैरआवासीय नेपाली संघसँग सहकार्य गरेरै विदेशमा रहेका सबै श्रमिकलाई कोषमा आबद्ध गर्ने योजना रहेकोले सहकार्यका लागि आग्रह गर्नुभयो ।

गैरआवासीय नेपाली संघले आफ्नो सुरूको अभियान देखि नै वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नको लागि नेपाल सरकार लगायत सरोकारवालाहरूसँग वकालत, पैरवीदेखि समन्वय र सहकार्यसम्म गर्दै आएको थियो । यसै शिलशिलामा संघले सरकारसँग सहकार्य गर्दै आगामी अप्रिल ७ देखि ९ सम्म कतार र मलेसियामा विशेष प्रतिनिधिमण्डलसहित सामाजिक सुरक्षा कोषमा आबद्धताबारे सचेतना कार्यक्रम सञ्चालन गर्दै छ । सरकारले यसअघि गत मंसिरमै 'वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि-२०७९' जारी गरिसकेको थियो ।

# महिला सशक्तिकरणका लागि एनआरएनएको पहल, आर्थिक र मानसिक रूपमा सक्षम बनाउनुपर्नेमा जोड

११३ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा १२ मार्च २०२३ मा विशेष कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा रानाा मगरको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगकी माननीय सदस्य लिली थापा, वरिष्ठ पत्रकार बबिता बस्नेत, पौरखी नेपालकी संस्थापक अध्यक्ष मञ्जु गुरूङ र शक्ति समूह नेपालकी अध्यक्ष चरिमाया तामाङको उपस्थिति रहेको थियो ।

कार्यक्रमकी प्रमुख अतिथि माननीय उपसभामुख इन्दिरा राना मगरले शहरी क्षेत्रका केही महिलाहरू मुलधारमा रहेपनि,उनीहरुको जीवनमा केही परिवर्तन भएपनि ग्रामिण र विकट स्थानमा महिलाको अवस्था दयनीय रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "महिलाहरू प्रविधिको पहुँचमा तपरको कुरा आधारभूत शिक्षा स्वास्थ्यसम्म पनि पाएका छैनन् । शहरका महिला शिक्षित भएपनि अधिकारका कुरा गरेपनि गाउँगाउँमा महिलाको अवस्थामा कुनै परिवर्तन छैन ।" नीति निर्माणको तहमा छलफल गरेर जातिय, भूगोल र समग्र रूपमा महिलाको विकास गर्नेमा आफूले पैरवी गरिरहेको उहाँको भनाई थियो । महिलाहरू संख्यामा केन्द्रीत नभई गुणस्तर र क्षमतामा केन्द्रीत हुन उहाँले आग्रह गर्नुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य माननीय, लिलि थापाले महिलाको लागि बनेका कानून मध्ये ५० प्रतिशत भन्दा बढीको अझै कार्यान्वयन हुन नसकेको बताउनुभयो । पछिल्लो एक दशकको अवधिमा महिला हिंसा उल्लेख्य रुपमा बढीरहेको भन्दै त्यसलाई न्यूनीकरणका लागि सरकारी पहल मात्रै पर्याप्त नभएकोले घर, समाज र व्यक्ति सचेत र जिम्मेवार हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा सहभागि वरिष्ठ पत्रकार बबिता बस्नेतले महिलाका लागि सञ्चार क्षेत्र उदार रहेपनि कतिपय सञ्चारकर्मी महिला नै हिंसामा पर्ने गरेको बताउनुभयो । पछिल्लो समय डिजिटल माध्यमबाट हिंसा बढीरहेको र महिलाहरू पनि त्यसको शिकार भइरहेको भन्दै महिलालाई सम्पूर्ण रुपमा शिक्षित डिजिटल संसारसँग परिचित गराउन आवश्यक रहेको उहाँको भनाई थियो । नीति नियम र कानून भएपनि कार्यान्वयन फितलो हुँदा समस्या बढीरहेको तर्फ उहाँले सचेत गराउनुभयो ।

पौरखी नेपालकी संस्थापक अध्यक्ष मञ्जु गुरूङले महिलालाई यौनिकतासँग जोडेर कुरा गर्ने प्रवृत्ति अहिलेपनि हाबी रहेको भन्दै त्यसलाई अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । वैदेशिक रोजगारीबाट फर्किएका महिलाको पुर्नएकीकरणको लागि जत्ति नै कुरा भएपनि त्यसको परिभाषा नै प्रष्ट नभएकोले त्यसलाई पुनः परिभाषित गर्नु जरूरी रहेको उहाँको भनाई थियो । विदेशमा जाने वित्तिकै महिलाको चरित्रहत्यासम्म हुने गरेको दुखद् पक्षलाई उजागर गर्दै उहाँले महिलाको लागि सम्मानजनक वातावरण र नीति नियमको तर्जुमा गर्नुपर्नेमा जोड दिनुभयो । महिलालाई आर्थिक, सामाजिक रूपमा सक्षम बनाई मानसिक रूपमा पनि परिपक्क बनाउनुपर्ने, विदेशमा जानुपूर्व अभिमुखीकरण तालिम दिनुपर्ने, र स्वदेश फर्किएकालाई पनि मनोपरामर्श प्रदान गर्नुपर्ने लगायतमा उहाँले जोड दिनुभयो ।

शक्ति समूह नेपालकी अध्यक्ष चरिमाया तामाङले महिलालाई हिंसा वा बेचविखनमा पर्नुबाट जोगाउन सचेतनामुलक कार्यक्रमको आवश्यकता औँल्याउनुभयो । कुनै महिलामा समस्यामा पर्नु उसको दोष नभएपनि समाजले महिलालाई नै दोषी करार गर्ने गरेको भन्दै त्यस्तो अवस्था अन्त्यका लागि सरकार, सरोकारवाला र व्यक्ति विशेषबाट पनि पहल हुनु जरूरी रहेको उहाँको भनाई थियो ।

कार्यक्रममा एनआरएनएकी कार्यकारी अध्यक्ष रबिना थापाले मुलुकको समृद्धि र दिगो विकासका लागि महिलाहरूको आर्थिक, सामाजिक तथा संरचनात्मक रूपान्तरण आवश्यक रहेको बताउनुभयो । स्वदेशमा मात्रै नभई विदेशमा रहेका महिलाले भोगेका समस्या सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो । ग्रामिण क्षेत्रमा रहेका महिला हकअधिकार र शिक्षा स्वास्थ्य लगायतका विषयलाई सुनिश्चित गर्नुपर्ने उहाँको भनाई थियो । एनआरएनले सुरु गरेको छात्रा शौचालय अभियान कार्यान्वयन भएको भन्दै थापाले छोरी बचाउ र छोरी पढाऊ अभियान छिट्टै सुरू गर्ने बताउनुभयो । महिला सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न संविधानमार्फत आधारभूत व्यवस्थाहरु गरी विभिन्न कानुन समेत अभ्यासमा छन् तर ती अझै पर्याप्त नभएको उहाँको भनाई थियो । महिलालाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्नुपर्ने र विदेशमै कामका गर्न चाहनेका




लागि सम्मानजनक रोजगारीको लागि पहलकदमी लिनु जरूरी रहेको थापाले बताउनुभयो । आार्थिक अवस्थामा मजबुत नभएकै कारण महिलाहरू हिंसामा पर्ने गरेको भन्दै महिलालाई आर्थिक रूपमा सक्षम, सबल र आत्मनिर्भर बनाउन सरकार र लगायतका सरोकारवालाको भूमिका अहम रहेको र महिला सशक्तीकरण, सहभागिता र समानताको विषय महिला सरोकार मात्रै नभई महिला र पुरुष दुवैको समान र सक्रिय भूमिकाबाटै महिला अधिकार सुनिश्चित हुने उहाँको भनाई थियो ।

संघका अध्यक्ष बद्री केसीले जबसम्म महिलालाई शैक्षिक र आर्थिक रूपमा सबल बनाउन सकिँदैन तबसम्म महिला र पुरुषबीच समानता वा समता कायम गर्न नसकिने बताउनुभयो । संसारभरि नै यो किसिमको असमानता भएपनि अझ अविकसित र अल्पविकसित देशमा यस्तो अवस्था बढी हुने उहाँको भनाई थियो । एनआरएनएले महिला समानता र समताका लागि पहल गर्दै आएको महिला हक अधिकारका लागि संघ सदैव उदार रहेको उहाँको भनाई थियो ।

संघकी महिला उपाध्यक्ष विष्णुमाया परियारले अन्तर्राष्ट्रिय महिला दिवस नै महिलाहरुको लागि उत्सव भएकोले सबै मिलेर उत्सव मनाउन पाउँदा खुशी लागेको बताउनुभयो । प्रविधि र शिक्षा महिलाको विकासको निर्विकल्प कडी भएकोले शिक्षा, स्वास्थ्य लगायत आर्थिक रूपमा पनि महिलालाई सबल बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा डा, अलिनी पोखरेल (आइसीसी सचिव), अमृता थापा, कञ्चन, आइसीसी, सह–कोषाध्यक्ष यमुना, भट्टराई (आइसीसी महिला सह–कोषाध्यक्ष), बिमला सापकोटा, (आइसीसी महिला संयोजक), विन्दु निरौला, (आइसीसी सदस्य, अमेरिका ), सरिता भण्डारी (आइसीसी सदस्य, कतार), तृष्णा शर्मा काफ्ले (क्षेत्रीय महिला संयोजक, एनआरएनए अमेरिकाज), शान्ती अधिकारी, (क्षेत्रीय महिला संयोजक, एनआरएनए एसिया प्यासिफिक), बाबा राजेश्वरी थापा, (आइसीसी मिडिया को –चियर), भवानी तिवारी, (अध्यक्ष एनआरएनए अष्ट्रिया),शुभ यल्मर लामा, (अध्यक्ष एनसीसी,स्वीट्जरल्याण्ड), सुजाता केसी (महिला संयोजक, एनआरएनए साउथ कोरिया),कविता गुरूङ, ( महिला संयोजक, एनआरएनए हङकङ), पुण्यवति सुवेदी (महिला संयोजक एनसीसी चीन),प्रतिभा कार्की (महिला संयोजक एनसीसी अष्ट्रिया), विन्दु सुनुवार राई, (महिला संयोजक एनसीसी मकाउ), रत्ना गौतम (महिला संयोजक वेष्ट्रन अष्ट्रेलिया) र रिता गुरूङ, ( अध्यक्ष, हङकङ नेपाल महासंघ )ले महिला हक अधिकार र उनीहरूले भो ग्नुपरेका समस्या, तिनको न्यूनिकरण र आगामी रणनीतिबारे अन्तरक्रिया गर्नुभएको थियो । कार्यक्रममा महिला सचिव टीका गुरूङले स्वागत मन्तव्य दिनुहुँदै महिलालाई सशक्त बनाउन उनीहरूलाई आर्थिक रूपमा सबल,सक्षम र स्वाबलम्बी बनाउन आवश्यक रहेको बताउनुभयो । महिलाहरू कुनै पनि कुरामा कमजोर नहुने भन्दै अवसर, स्रोत र साधन भए महिलाहरू सर्वोच्च निकायसम्म पनि सफल रूपमा स्थापित हुन सक्ने उहाँको भनाई थियो । आइसीसी महिला संयोजक संगिता मरहट्टाले सञ्चालन गरेको कार्यक्रममा महिला उपाध्यक्ष यास्मिन बेगम सैयदले सभापतित्व गर्नुभएको थियो । भर्चुअल माध्यमबाट भएको कार्यक्रममा एक सय भन्दा बढीको सक्रिय सहभागिता रहेको थियो ■

# नेपालको पर्यटन उद्योगको विकास र सफलताका लागि सहकार्य कार्यक्रम



गैरआवासीय नेपाली संघ, नेपाल पर्यटन बोर्ड र युरोप नेपाल चेम्बर अफ कमर्स फर टुरिज्मको संयुक्त आयोजनामा एक दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ । मिति २०७९ फाल्गुन ८ गते सोमवार काठमाण्डौंस्थित नेपाल पर्यटन बोर्डमा आयोजित एक कार्यक्रममा बोल्ने वक्ताहरूले नेपालको पर्यटन प्रर्वधनको लागि महत्वपूर्ण सुझाव दिनुभयो ।

कार्यक्रममा सोसल टुर्स नेपालका संस्थापक निर्देशक र ाज ज्ञवाली, होटेल एसोसियसन अफ नेपालका उपाध्यक्ष बिनायक शाह, युरोप नेपाल चेम्बर अफ कमर्स फर टुरिज्मका अध्यक्ष दिपेशमान शाक्य, गैरआवासीय नेपाल संघका पर्यटन प्रवर्धन समितिका सभापति सोम सापकोटाले पर्यटन क्षेत्रमा भएका प्रगतिको बारेमा समिक्षात्मक मन्तब्य दिनुभयो । सो अवसरमा उहाँले नेपाल तथा विदेशमा रहेका पर्यटन संघसंस्था र व्यवसायीबीच सहकार्य बढाउँदै नेपालको पर्यटन उद्योगलाई अगाडि बढाउने उद्देश्यले आयोजित कार्यक्रममा सहभागीहरूले पर्यटन व्यवसायीहरूबीच सहकार्य गर्ने र नेपाल सरकारले पर्यटन क्षेत्रमा सहकार्य गरि नीतिगत सुधार गर्नु पर्ने तथा भौतिक संरचनाको निर्माणलाई तिब्रता दिनु पर्ने जोड दिनुभयो । गुणस्तरका लागि नै क्रमिक रुपमा मात्रै पूर्ण नेपाली पठ्यक्रममा जाने, ठूलो तयारीपश्चात मात्रै कार्यक्रमहरु सञ्चालन गर्ने नीतिहरु अवलम्वन गर्दैछौं । खुला विश्वविद्यालयबाट उच्चतम स्तरको शिक्षाको अपेक्षा गर्न सक्नुहुनेछ ।

## नयाँ वर्ष २०८० सालको अवसरमा शुभकामना आदान-प्रदान कार्यक्रम




नयाँ वर्ष २०८० सालको अवसरमा शुभकामना आदान-प्रदान कार्यक्रम गरिएको छ । गैरआवासीय नेपाली संघ अन्तर्गतको महिला विभागद्वारा आयोजित कार्यक्रममा वरिष्ठ हास्य कलाकार मदनकृष्ण श्रेष्ठ, नेकपा एमालेकी नेता शान्ता चौधरी, अभियन्ता मुस्कान खातुन लगायतका अतिथिले शुभकामना व्यक्त गर्नुभएको थियो । कार्यक्रममा शुभकामना व्यक्त गर्दै प्रमुख अतिथि श्रेष्ठले जीवनमा सफल हुन संयमित भई निरन्तर आफ्नो कर्म गर्र्नुपर्ने बताउनुभयो । शिक्षा नै सबैभन्दा ठूलो सम्पत्ति भएको भन्दै उहाँले नेपालका दूरदराजसम्म महिलालाई शिक्षित बनाउनुपर्ने र त्यसमा विदेशमा रहेका नेपालीहरूले पनि खास भूमिका खेल्नसक्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा शुभकामना व्यक्त गर्दै नेता शान्ता चौधरीले विदेशमा रहेका नेपालीहरू अथाह राष्ट्रप्रेम रहेको र उनीहरू भौतिक रूपमा मात्रै मुलुक बाहिर रहेको भावानात्मक रूपमा सधै नेपालसँगै जोडिएको देख्दा खुशी लागेको बताउनुभयो । जो जहाँ भएपनि देशको कला, संस्कृति, भाषा लगायतलाई विदेशमा चिनाइरहेको भन्दै नेपाललाई विश्वसँग जोड्ने पुलको काम गरिरहेको बताउनुभयो । मुलुकको समृद्धिका लागि विदेशमा रहेका बहुसंख्यक नेपालीको भूमिका अहम् हुने उहाँको भनाई थियो ।


यस्तै कार्यक्रममा अभियन्ता मुस्कान खातुनले देश विकासका लागि महिला सशक्तिकरण पनि महत्वपूर्ण हुने भन्दै घर, परिवार, समाजदेखि नीति निर्माण तहमै परिवर्तन र परिमार्जन आवश्यक रहेको बताउनुभयो । सो क्रममा खातुनले आफ्नो जीवनको अनुभव सुनाउँदै सुनाउनुभएको थियो । स्वागत मन्तव्य संगिता मरहट्टाले राख्नुभएको भएको कार्यक्रममको सञ्चालन आइसीसीकी सचिव राधिका गुरूङले गर्नुभएको थियो । कार्यकारी अध्यक्ष, डा बद्री केसी, अध्यक्ष रबिना थापा, उपाध्यक्ष डा हेमराज शर्मा, महेश श्रेष्ठ, आर के शर्मा, यास्मिन बेगम सैयद, प्रवक्ता सोम सापकोटा, उप महासचिवद्वय रामशरण सिंखडा, र डा देवी सचिव गंगाधर गौतम, सहकोषध्यक्ष यमुना भट्टराई, अमृता थापा तथा टंक गैरे, भवानी तिवारी, पारू मल्ल, शान्ति अधिकारी सन्तोष भट्टराई, भविन्द्र बस्नेत, डम्बर यादव, डा इन्दिरा तिवारी, बिनोद कार्की लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीले शुभकामना व्यक्त गर्नुभएको थियो ।

# सामाजिक सुरक्षा योजनामा सहभागी गराउन विशेष अभिमुखीकरण कार्यक्रम सम्पन्न
## श्रम स्वीकृति लिएका वा नलिएका सबैलाई नेपालीलाई कानूनी दायरामा ल्याउन सरकारले विशेष पहल गर्ने

गैरआवासीय नेपाली संघ र सामाजिक सुरक्षा कोषको संयुक्त सहकार्यमा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउने उद्देश्यले विशेष अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा एनआरएनका कार्यकारी अध्यक्ष डा बद्री केसीले निरन्तर प्रयास र सहकार्यको प्रतिफलको रूपमा सामाजिक सुरक्षा कोषले वैदेशिक रोजगारीमा रहेका श्रमिकले पेन्सनसहितको सुविधा पाउने गरी योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सुरू गरेकोमा आभार व्यक्त गर्नुभयो । योजनाको सफलताका लागि सामाजिक सुरक्षा कोषको केही रकम रोजगारदातालाई पनि तिर्न लगाउनुपर्नेमा उहाँले जोड दिनुभयो । योजना सुरूवात हुनु सकारात्मक भएपनि त्यसमा परिमार्जन आवश्यक भएको उहाँको भनाइ थियो । सरकारको योजनालाई सफल बनाउन एनआरएनले पहलकदमी लिने र आफ्नो जिम्मेवारी ठानेर सबै श्रमिकलाई पनि योजनामा सहभागी गराउने बताउनुभयो ।

यस्तै, एनआरएनएका अध्यक्ष कुल आचार्यले सबै वैदेशिक रोजगारीमा रहेकाहरूलाई योजनामा  जोड्न देशै पिच्छे अभियान चलाउन आवश्यक रहेको र त्यसका लागि एनआरएनएले सरकारसँग प्रत्यक्ष रूपमा सहकार्य गर्ने बताउनुभयो  । सामाजिक सुरक्षा कोषको योजना  सरकारको मात्रै नभई एनआएनएले सन् २०११ देखि उठाउँदै आएको एजेण्डा पनि भएकोले संसारभर रहेका नेपाली श्रमिकको सपना पूरा भएको जिकिर गर्दै  उक्त योजनालाई सफल बनाउनु जिम्मेवारी र कर्तव्य समेत भएको उल्लेख गर्नुभयो । संघका उपाध्यक्ष डा हेमराज शर्माले मध्यपूर्वमा मात्रै नभई यूरोपका विभिन्न देशमा श्रम स्वीकृतिबिनै गएका नेपाली श्रमिकहरूको संख्या बढ्दो क्रममा रहेको स्मरण गराउँदै श्रम स्वीकृतिबिनै गएका श्रमिकको हकमा योजनाले के गर्छ ? भन्ने स्पष्ट व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो । एनआरएनको संयन्त्रले मात्रै उक्त योजना लागू गर्न कठिन हुने भएकोले नेपाल सरकारको सम्पूर्ण संयन्त्रले काम गर्नुपर्ने उहाँको धारणा थियो । श्रमिक सबैलाई योजनाबारे बुझाउन ढिलाइ गर्नु नहुने उहाँले जोड दिनुभयो ।

संघका उपाध्यक्ष, आर के शर्माले मध्यपूर्वका सबै श्रमिक प्रविधिमैत्री वातावरणमा नभएको भन्दै गन्तव्य  मुलुकमै पुगेर  अभिमुखीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गर्न आग्रह गर्नुभयो । श्रमिकहरू माझमा  सामाजिक सञ्जालदेखि अन्य विभिन्न माध्यमबाट पुग्नुपर्नेमा उहाँले जोड दिनुभयो । नीतिमा  कतिपय विषय स्पष्ट नभएको भन्दै शर्माले प्रष्ट व्याख्या गर्नुपर्नेमा जोड दिनुभयो । यस्तै, शमार्ले कोषमा आबद्ध हुन श्रमिकहरूलाई विशेष आग्रह गर्नुभयो । रेमिट्यान्स, पोर्टफोलियो व्यवस्थापन लगायतका विषयमा पनि विशेष ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।




सामाजिक सुरक्षा कोषले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले पनि सामाजिक सुरक्षा योजनामा सहभागिता जनाउन सक्ने प्रावधान ल्याएसँगै बहुसंख्यक श्रमिकलाई उक्त योजनामा समेट्न अभिमुखीकरण कार्यक्रम अति आवश्यक रहेको उहाँले बताउनुभयो । संघका अर्का उपाध्यक्ष डिबी क्षेत्रीले लाखौं नेपाली श्रमिकका लागि सामाजिक सुरक्षा कोषले सुरू गरेको योजनालाई गैरआवसीय नेपालीले प्रचारप्रसार गर्ने प्रतिबद्धता जनाउनुभयो ।  असहाय अशक्त हुँदा र मृत्युपर्यन्त पनि यस योजनाले प्रतिफल दिने भन्दै क्षेत्रीले यस योजनामार्फत श्रमिकहरूलाई समेट्नु सरकारको सकारात्मक कदम भएको  र त्यसमा एनआरएनको सहकार्य रहको उहाँको भनाइ थियो ।

कार्यक्रममा सम्बोधन गर्दै श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरद सिंह भण्डारीले सामाजिक सुरक्षा योजनालाई बृहत् सहभागितामुलक योजना बनाउनुपर्नेमा जोड दिनुभयो । उक्त योजना भर्खरै सुरूवात भएकोले वास्तविक श्रमिकमैत्री बनाएर अघि बढ्नुपर्ने उहाँको भनाइ थियो ।  सरकारको काम नीतिगत रूपमा हुने भएकाले एनआरएनले प्रत्यक्ष रूपमा श्रमिकसँग जोडिन सरकारसँग सहकार्य गर्न सक्ने भएकाले मिलेर अघि बढ्न उहाँले आग्रह गर्नुभयो । सामाजिक सुरक्षा योजनालाई सफल बनाउन एनआरएनको भूमिका महत्वपूर्ण हुने उहाँको भनाइ थियो । श्रमस्वीकृति लिएका वा नलिएका सबैलाई नेपालीलाई कानूनी दायरामा ल्याउन सरकारले विशेष पहल सुरू गर्ने मन्त्री भण्डारीले बताउनुभयो । त्यसका लागि एनआरएनसँगको सहकार्य महत्वपूर्ण हुने उहाँको भनाइ थियो । श्रमिकको सुरक्षा र उनीहरूको श्रमको सम्मानका लागि पनि सरकारले सरोकारवाला र गन्तव्य मुलुकका सरकारसँग संवाद गरेर अघि बढ्ने उहाँले बताउनुभयो । योजनाको फाइदाबारे सबैलाई बुझाउनु जरूरी रहेको मन्त्री भण्डारीले बताउनुभयो । पूँजी, प्रविधि र ज्ञान भित्र्याउन मन्त्रालय सकारात्मक रहेको उहाँको भण्डारीको भनाइ थियो ।

कार्यक्रममा कोषका अध्यक्ष कपिलमणी ज्ञवालीले सुरक्षा कोषको फाइदाबारे प्रष्ट पार्नुभयो ।  अभिमुखीकरणका लागि निरन्तर कार्यक्रम, अनलाइन कक्षा, २४ घण्टे कल सेन्टर, सहित एनआरएनएको सञ्जालसहित बैंकिङ च्यानललाई प्रयोग गर्ने बताउनुभयो । कार्यक्रममा मन्त्रालयका सचिव एकनारायण अर्यालले योजनामा आबद्ध हुन आग्रह गर्दै गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता लगायतका नीतिगत र सरकारी प्रक्रियागत कामहरू सुरू भएको बताउनुभयो । कार्यविधि कार्यान्वयनका क्रममा देखा पर्ने समस्या र उल्झनलाई क्रमशः समाधान गर्दै जाने उहाँको भनाइ थियो ।  आगामी दिनमा गन्तव्य मुलुकमा एनआरएनएकै सञ्जाल प्रयोग गरेर बृहत् रूपमा  योजना अघि बढाउने र त्यसमा सरकारले हातेमालो गर्ने उहाँको भनाइ थियो । कार्यक्रममा कोषले तयार पारेको विशेष प्रतिवेदन प्रस्तुत गरिएको थियो । कार्यक्रममा विभिन्न देशबाट नेपाली श्रमिक तथा अन्य गैरआवासीय अभियन्ताहरू जोडिएका थिए ।

## मध्यपुर्व क्षेत्रीय स्वास्थ्य सचेतना र सल्लाह कार्यक्रम सम्पन्न


गैरआवासीय नेपाली संघको महिला विभाग अन्तर्गतको महिला स्वास्थ्य तथा शिक्षा कार्यदलले "मध्यपुर्व क्षेत्रीय स्वास्थ्य सचेतना र सल्लाह कार्यक्रम" जुममार्फत सम्पन्न गरेको छ । यस कार्यक्रममा स्वास्थ्य विज्ञहरूले पछिल्लो समय स्वास्थ्य समस्या र त्यसका कारण आत्महत्याजस्ता गम्भीर घटनाहरू बढीरहेकोमा चिन्ता व्यक्त गर्दै ती समस्या सम्बोधनका लागि गम्भीर भएरअघि बढ्नुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा स्वास्थ्य विज्ञहरू डा नितेश अर्याल, डा सुमित्रा पाठक, डा निशिता पाठक लगायतका स्वास्थ्य विज्ञहरूले नेपालसहित मध्यपूर्वीय साथै विश्वका विभिन्न क्षेत्रमा देखा परेका स्वास्थ्य समस्याका साथै मानसिक स्वास्थ्यका बारेमा अध्ययनपत्र प्रस्तुत गर्दै नेपालसहित विदेशमा रहेका नेपालीहरूमा मानसिक स्वास्थ्य समस्याको जोखिमको क्रम बढ्दो रूपमा रहेकोप्रति सचेत गराउनु भयो । उहाँहरूले नेपालमा मात्रै नभई डायस्पोरामा रहेका नेपालीमा पनि मानसिक स्वास्थ्य समस्या विकराल बन्दै गएको भन्दै उक्त स्वास्थ्य जोखिम न्यूनीकरणका लागि काम गर्नुपर्ने बताएका छन् । कार्यक्रममा बोल्ने विज्ञहरूले मनोपरामर्श, खानपान र शारीरिक व्यायाम, योग, ध्यान लगायतका गतिविधिमाध्यान दिन प्रोत्साहन गर्नसके समस्या केहीहदसम्म समाधान हुने बताउनुभयो ।

विज्ञहरूले महिलाहरूको स्वास्थ्य समस्याका बारेमा प्रस्तुती गर्दै अनुसार पछिल्लो समय महिलाको पाठेघरभित्र र पाठेघरको मुखको क्यान्सर, अण्डाशयको क्यान्सर बढ्दो क्रममा रहेको बताउनुभयो। यस बारेमा जनचेतनाको अभावले गर्दा कयौं महिलाको ज्यान जाने गरेको कारण त्यस सम्बन्धमा व्यापक जनचेतनाका फैल्याउनुका साथै सरकार र सरोकारवालासँगको समन्वयमा र योजनाबनाएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । साथै मध्य पुर्व क्षेत्रका साथै अन्य क्षेत्रमा समस्या रूपमा रहेको क्षय रोगबारे जानकारी दिदै त्यसको न्युनीकरणमा पहल भएका गतिविधिहरू बारे प्रकाश पारिएको थियो ।

कार्यक्रममा संघका कार्यकारी अध्यक्ष डा बद्री केसी, उपाध्यक्षहरू आर के शर्मा, रोबिन्द श्रेष्ठ,यास्मिन बेगम सैयद,उपमहासचिव राम शरण सिम्खडा,महिला सचिब राधिका गुरूङ, सह कोषाध्यक्षहरू अमृता थापा र यमुना भट्टराई ,पूर्व महिला संयो जक रजनि प्रधान एनसीसी अष्ट्रीया अध्यक्ष भवानि तिवारी , एनसीसी साउदी अरबिया अध्यक्ष डमर यादव लगायतले आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रम संयोजक डा.एलिनी पोखरेल सुवेदीले कार्यक्रममा सभापतित्व गदै विश्वभर फैलिएका गैरआवासीय नेपालीहरूलाई नै स्वास्थ्यबारे जानकारी दिने उद्देश्यले यो कार्यक्रमको थालनी गरिएको र भर्चुअल माध्यमबाट समितिले नेपालीहरूमा बढ्दै गएको स्वास्थ्य समस्या, आत्महत्या र अन्य विविध कारणले हुने बढ्दो क्रममा रहेको मृत्युदर लगायतको विषयमा "Health for Nepalese by NRNs" परियोजना मार्फत आफ्ना कार्यहरू अगाडी बढाइहेको बताउनुभयो ।

कार्यक्रममा डा. एलिजा केसी भन्डारिले स्वागत मन्तब्य राख्दै स्वास्थ्य सचेतना कार्यक्रमका बारेमा प्रकाश पार्नु भएको थियो। कार्यक्रममा टास्कफोर्स तर्फबाट महिला उपाध्यक्ष यास्मिन बेगम शैयद तथा डा. सरिता पाण्डेले कार्यक्रममा प्रस्तुति दिनुहुने बिशेषज्ञहरूलाइ प्रशंसा पत्र प्रदान गर्नुभएको थियो । कार्यक्रममा विभिन्न गैरआवासीय नेपाली अभियन्ता तथा अन्य व्यक्तिहरूको सहभागीता रहेको थियो।




## अत्याधुनिक सार्वजनिक शौचालय र चमेना गृहको शिलान्यास

गैरआवासीय नेपाली संघ एनआरएनएको सहयोगार्थ पोखराको महेन्द्रपुलमा निर्माण हुन लागेको अत्याधुनिक सार्वजनिक शौचालय र चमेना गृहको शिलान्यास भएको छ । संघका अध्यक्षद्वय बद्री केसी तथा रबिना थापा र महानगरका प्रमुख धनराज आचार्यले संयुक्त रूपमा शिलान्यास गर्नुभएको हो । संघकी अध्यक्ष रबिना थापाको संयोजकत्वमा बन्न लागेको शौचालय र चमेना निर्माण पोखरा महानगरपालिकाको स्वामित्वमा बन्नेछ ।

उक्त परियोजनाको अनुमानित लागत करीब १ करोड रहेको छ । महेन्द्रपुलको उत्तर तर्फ रहेको कि.न.८२ को ५ आना क्षेत्रफलमा एनआरएनए र पोखरा महानगरपालिको संयुक्त लगानीमा सुरू हुन लागेको योजनामा एनआरएनएले ६० प्रतिशत र पोखरा महानगरपालिकाले ४० प्रतिशत खर्च गर्ने समझदारी भएको छ ।



## नागरिकताको मुद्दा छिट्टै सम्बोधन हुन्छ : रक्षामन्त्री पूर्णबहादुर खड्का



गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष डा. बद्री के. सी. तथा अध्यक्ष कुल आचार्य, संथापक अन्तर्राष्ट्रिय संयोजक भिम उदास तथा राष्ट्रिय समन्वय परिषद् युकेका उपाध्यक्ष नारायण कंडेलले नव नियुक्त माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काज्युसँग भेटघाट गर्नुभयो । संघका अध्यक्ष कुल आचार्यले बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै संघले सामाजिक सुरक्षा, डलर खाता तथा सघको विकासको बारेमा विवरण प्रस्तुत गर्दै सो कार्यमा सहयोग गर्नु भएकोमा कृतज्ञता व्यक्त गर्नु भयो ।

कार्यकारी अध्यक्ष डा. बद्री के. सी. ले हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै संघको स्थापना काल देखि संघले नागरिकता तथा लगानीको कुरालाई महत्व दिएको सो कार्यको पूर्णताका लागि सहजीकरण गरिदिन हुन अनुरोध गर्नुका साथै संघले गरेका गतिविधिहरू बारे जानकारी गराउनु भयो ।

यसरी नै संघका संस्थापक अन्तर्राष्ट्रिय संयोजक भिम उदासले संघको सुरूको अभियान बारे जानकारी गराउनु भयो ।माननीय उप-प्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले गैरआवासीय नेपाली संघले स्थापना कालदेखि नै नेपालको समृद्धिको सपना लिएकोमा धन्यवाद व्यक्त गर्दै नागरिकताको मुद्दा अब आउने वर्ष अधिवेशनबाट टुंगिने विश्वास व्यक्त गर्नु भएको थियो ।

# बेत्रेश्वरी आधारभूत विद्यालय नवनिर्मित भवन हस्तान्तरण

श्री बेत्रेश्वरी आधारभूत विद्यालय नवनिर्मित भवन "सहयोगी हात र उपकारी मन" राष्ट्र र समाजका अमूल्य धन" नाराका साथ चौतारा साँगा चौकगढीका नगर प्रमुख कृष्ण प्रसाद सापकोटा र गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष डा बद्री केसीले हस्तान्तरण गरी समारोहको समुदघाटन गर्नुभयो ।समारोह गैरआवासीय नेपाली संघ तथा IOWA, अमेरिकाको संयुक्त आयोजनामा सम्पन्न भएको छ । IOWA, अमेरिकाको आर्थिक सहयोग, मास कन्सल्ट प्रालिको प्राविधिक सहयोग तथा गैरआवासीय नेपाली संघको संयोजनमा बनेको उक्त विद्यालय भवनको निर्माण गरिएको हो ।

उक्त कार्यक्रममा ४० जना विद्यार्थीहरूलाई शैक्षिक सामाग्री वितरण गरिएको थियो । विद्यालयका प्रधानाध्यापकले गैरआवासीय नेपाली संघ तथा क्ष्इध्ब्, अमेरिकालाई भवन निर्माण गरेको तथा विद्यार्थीहरूलाई शैक्षिक सामाग्री हस्तानतरण गरेकोमा हार्दिक कृतज्ञता व्यक्त गर्नु भयो ।मास कन्सल्ट प्रा. लि.को निर्देशक दिलिप गस्सीले आफुले गरेको निशुल्क डिजाईनको मुर्त रूप हेर्न पाउदा एकदमै खुसि महशुश भएको जानकारी गराउनु भएको थियो ।संघका प्रमुख कार्यकारी अधिकृत रबि अधिकारीले विकासको लागी शैक्षिक गुणस्तरले टेवा पुर्याउने हुँदा वेत्रेश्वरी आधारभूत विद्यालयले सो गुणस्तरीय प्रदान गरि विकासको आधार निर्माण गर्ने आशा व्यक्त गर्नु भएको थियो। संघका कार्यकारी अध्यक्ष डा. बद्री केसीले जग्गा दाता स्थानीय गहेन्द्र बहादुर थापा, क्ष्इध्ब्, अमेरिका तथा मास कन्सल्ट प्रा. लि.लाई व्यक्त गर्नु भएको थियो । संघले भूकम्प २०७२ पछि धेरै शैक्षिक संस्थाको निर्माण गरेको र बेत्रेश्वरी आधारभूत विद्यालय सबै भन्दा पछिलो रहेको जानकारी गराउनु भएको थियो ।



शैक्षिक स्तरोन्नतीको लागि विद्यालय व्यस्थापन, स्थानीय तह तथा अभिभावकको भूमिका अहम रहेकोले यस नवनिर्मित भवनको उपयोग गर्दै स्थानीय शिक्षा अझै प्रभावकारी हुनेमा आफु बिश्वस्त रहेको जानकारी गराउनु भएको थियो । चौतारा साँगाचौकगढीका नगर प्रमुख कृष्ण प्रसाद सापकोटाले संघले सहकार्य गरि संघले IOWA, अमेरिकाको आर्थिक सहयोग तथा मास कन्सल्ट प्रा. लि.को प्राविधिक सहयोगमा निर्माण गरेकोमा हार्दिक धन्यवाद व्यक्त गर्दै विद्यालय भवनमा यसै शैक्षिक वर्ष देखि पठन पाठन हुने जानकारी गराउनु भयो ।

कार्यक्रम सभापति तथा विद्यालय व्यस्थापन समितिका अध्यक्ष लाला बहादुर थापाले जग्गा दाता स्थानीय गहेन्द्र बहादुर, थापा, गैरआवासीय नेपाली संघ, IOWA, अमेरिका, मास कन्सल्ट प्रा. लि. , स्थानीय सरकार लगायत सबै सरोकारवालाहरूलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो । यस समारोहमा स्थानीय जनप्रतिनिधिहरू, अविभावकहरू, विद्यार्थीहरू, स्थानिय समुदाय, विद्यालयका शिक्षक शिक्षिकाहरू, संघका प्रतिनिधिहरू लगायतको उपस्थिति रहेको थियो ।

## गैरआवासीय नेपाली संघका अध्यक्ष आचार्य र चितवन उद्योग परिसंघका पदाधिकारीबीच भेटघाट

गैरआवासीय नेपाली संघका अध्यक्ष कुल आचार्य र चितवन उद्योग परिसंघका पदाधिकारीबीच भेटघाट भएको छ । भेटको क्रममा नेपालमा गैरआवासीय नेपालीहरूको लगानी प्रवर्धन गर्ने, औद्योगिक विकासमा सिप तथा प्रविधि हस्तान्तरण गर्ने र विदेशमा नेपाली वस्तु तथा सेवाको निर्यातका लागि सहकार्यको आवश्यकता रहेकोले मिलेर काम गर्न सकिने अध्यक्ष आचार्यले जानकारी गराउनुभयो । अध्यक्ष आचार्यले चितवनमा निर्मित प्रदर्शनी केन्दको अवलोकन गर्नुको साथै गैरआवासीय नेपाली संघको सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन एक्स्पो सञ्चालन गर्ने विषयमा छलफल गर्नुभयो ।



भेटमा अध्यक्ष आचार्यले लगानीका प्रमुख क्षेत्रहरू पूर्वाधार, जलविद्युत, पर्यटन, बैंकिङ् आधुनिक कृषि तथा सञ्चार प्रविधि लगायतका क्षेत्रमा गैरआवासिय नेपालीहरूको लगानी रहेको भन्दै थप लगानी तथा साझेदारी बढाउन गैर आवासीय नेपाली संघ आतुर रहेको बताउनुभयो । यस्तै औद्योगिक क्षेत्रमा लगानी बढाउँदा नेपालको अर्थतन्त्र सबल हुने र रोजगारी विस्तार हुने भएकाले गैरआवासिय नेपालीहरूले परिसंघसँग गरेको सहकार्य परिणामुखी हुनेमा परिसंघका पदाधिकारीले उल्लेख गर्नुभयो ।

सो अवसरमा अध्यक्ष आचार्यले नेपालको उत्पादनमुलक क्षेत्रमा गैरअवासीयहरूको तथा अन्तर्राष्ट्रिय लगानी भित्र्याउन संघले परिसंघसँग सघन सहकार्य गर्ने बताउनुभयो । यस्तै नेपालमा उत्पादन तथा ब्राण्ड र पर्यटन प्रर्वद्धनमा आपसी सहकार्य फलदायी हुने विश्वास व्यक्त गर्नुभयो ।

# गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का गतिविधिका सारांश

- १ फ्रेबुअरी- २०२३ का दिन संघका अध्यक्ष कुल आचार्यको प्रतिनिधि सभाका सभामुख सम्माननीय देवराज घिमिरे र राष्ट्रिय सभाका अध्यक्ष सम्माननीय गणेश प्रसाद तिमिल्सिनासँग भेटघाट सम्पन्न भयो । सो अवसरमा मुख्यतया गैर आवासीय नेपाली नागरिकता लगायतका विषयमा छलफल भयो । सोही दिन संघका अध्यक्ष कुल आचार्य र नेपाल फिल्म तथा संस्कृति प्रतिष्ठानका प्रतिनिधि बीच भेटघाट भयो । मुख्यतया नेपाली सिने जगतको प्रवर्द्धनका लागि गैरआवासीय नेपाली संघको भूमिका लगायतका विषयमा छलफल भयो ।

- ६ फ्रेबुअरी २०२३ मा संघद्वारा टर्कीमा गएको महाभूकम्पबाट निधन भएकाप्रति समवेदना र घाइते भएकाहरू प्रति शिघ्र स्वास्थयलाभको कामना गऱ्यो ।

- ११ फ्रेबुअरी २०२३ का दिन ८६ औँ एनसीसीको रूपमा युरोप क्षेत्रमा एनसीसी किर्गिस्तानको गठन भयो ।

- १२ फ्रेबुअरी २०२३ का दिन अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय, एनसीसी टर्कीबीच बैठक सम्पन्न भयो । मुख्यतया टर्की आएको भुकम्प, त्यहाँ रहेका नेपालीहरूको अवस्था लगायतमा छलफल भयो ।

- १४ फ्रेबुअरी २०२३ का दिन संघद्वारा टर्कीका राष्ट्रपतिलाई त्यहाँ गएको महाभूकम्पमा निधन भएकाप्रति श्रद्धाञ्जलीसहित समवेदना पत्र पठाइयो ।

- १८ फ्रेबुअरी २०२३ का दिन राष्ट्रिय स्वतन्त्र पार्टीका पदाधिकारी र संघबीच नागरिकता लगायत समसामायिक विषयमा भर्चुअल रूपमा छलफल सम्पन्न भयो ।

- १९ फ्रेबुअरी २०२३ का दिन संघको स्वास्थ्य समितद्वारा भर्चुअल माध्यमबाट मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा स्वास्थ्य सम्बन्धी विज्ञ तथा विभिन्न मुलुकस्थित गैरआवासीय नेपालीहरूको सहभागीता रह्यो ।

- २० फ्रेबुअरी २०२३ का दिन संघको पर्यटन प्रवर्द्धन समिति र युरोप नेपाल चेम्बर कमर्शको संयुक्त आयोजनामा नेपालको पर्यटन प्रवर्द्धन सम्बन्धमा एक कार्यशाला सम्पन्न भयो । पर्यटन मन्त्री सुदन किराँतीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पर्यटन क्षेत्रसँग सरोकार राख्ने विज्ञ तथा संघसंस्थाको सहभागीता रह्यो । सोही दिन विविध कारण संघसँग असन्तुष्ट रहेका पक्षलाई वार्ताका लागि आश्ह्वान गर्ने सम्बन्धमा छलफल भयो ।

- २२ फ्रेबुअरीका २०२३ का दिन आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन (आइओम)द्वारा आयोजना गरिएको डायस्पोरा म्यापिङ्ग सम्बन्धी छलफल कार्यक्रममा संघको सहभागीता रह्यो ।

- २६ फ्रेबुअरीका २०२३ का दिन संघको संशोधित विधान २०२२ परराष्ट्र मन्त्रालयबाट प्रमाणीकरण भयो । सोही दिन गैरआवासीय नेपाली संघ महिला विभागकको महिला स्वास्थ्य तथा शिक्षा कार्यदलको आयोजनामा अफ्रिका क्षेत्रीय स्वास्थ्य सचेतना र सल्लाह कार्यक्रम सम्पन्न भयो ।

- २७ फ्रेबुअरी २०२३ का दिन पर्यटन मन्त्रीद्वारा आयोजना गरिएको छलफल कार्यक्रममा संघका प्रवक्ता तथा पर्यटन प्रवर्द्धन समितिका संयोजक सोप सापकोटाको सहभागिता रह्यो । संघका तर्फबाट प्रवक्ता सापकोटाले नेपालको पर्यटन क्षेत्रलाई डायस्पोरासँग जोड्न चाल्नुपर्ने सरकारी कदम, योजना, रणनीति र त्यसमा संघको भूमिका सम्बन्धमा धारणा राख्नुभयो ।

- ४ मार्च २०२३ का दिन १५ औँ युरोप क्षेत्रीय बैठकबारे पत्रकार सम्मेलन सम्पन्न भयो ।

- ८ मार्च २०२३ का दिन ११३ औँ अन्तर्राष्ट्रिय महिला दिवसमा विविध कार्यक्रमको आयोजना गरियो ।

- १० मार्च २०२३ का दिन १३ औं आइएस बैठक सम्पन्न भयो । मुख्यतया संघका परियोजनाका साथै अन्य संघ सम्बन्धि गतिविधिहरू लगायतका विषयमा छलफल भई निर्णय भयो ।

- १० मार्च २०२३ का दिन संघको महिला विभाग तथा महिला फोरमद्वारा आयोजना गरिएको ११३ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर जुममार्फत एक छलफल कार्यक्रम सम्पन्न भयो ।

- १० मार्च २०२३ का दिन संघको महिला विभागको आयोजनामा ग्ल् ल्ङ ऋद्धटठ ख्चतगब ित्रयलाभचभलअभू सम्पन्न भयो । भ्अयलयफष्अ रुउयधभचकभलत त्जचयगनज भ्मगअबतष्यल, ीष्खभष्जियम ७ क्गकतबष्लबदभिँ बकष्लन विषयमा छलफल भयो ।

- १० मार्चका दिन संघको संघका कार्यकारी अध्यक्षको संयोजकत्वमा शौचालय परियोजनाबारे जुममार्फत एक बैठक सम्पन्न भयो ।

- १७ मार्च २०२३ का दिन संघका कार्यकारी अध्यक्ष रविना थापा र अध्यक्ष कुल आचार्य लगायतका पदाधिकारीहरूको सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटघाट भयो । मुख्यता राष्ट्रपतिज्यूलाई बधाई तथा शुभकामना दिनुका साथै गैरआवासीय नेपालीका समसामयिक विषयमा जानकारी दिनभयो ।

- १७ मार्च २०२३ का दिन संघका अध्यक्ष कुल आचार्यको श्रम सचिव एकनारायण अर्यालसँग भेटघाट भयो । मुख्यतया वैदेशशिक रोजगार तथा सामाजिक सुरक्षा कोष बारे छलफल भयो ।

- १७ मार्च २०२३ का दिन संघका कार्यकारी अध्यक्ष रविना थापा, कुल आचार्य, र काठमाडौंमा रहनु भएका पदाधिकारीहरू, एनसीसीका प्रतिनिधिहरू बीच गैरआवासीय नेपाली नागरिकता सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भयो ।

- १७ मार्च २०२३ का दिन युरोपका पदादिधारीहरूको बैठक सम्पन्न भयो । मुख्यतया १५ औँ युरोप क्षेत्रीय बैठकबारे छलफल भयो ।

- २२ मार्च २०२३ का दिन संघका कार्यकारी अध्यक्ष रविना थापा, अध्यक्ष कुल आचार्य र काठमाडौंमा रहनु भएका पदाधिधकारीहरूको नेपाल सरकारद्वारा आयोजना गरिएको वैदेशिक रोजगारीमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिलाई लक्षित गरी सामाजिक सुरक्षा योजनाको शुभारम्भ कार्यक्रममा सहभागीता रह्यो । कार्यक्रममा संघका अध्यक्षद्वय रबिना थापा र कुल आचार्यले लामो समयदेखि संघले उठाउँदै आएको सामाजिक सुरक्षा कोषको योजना सफल भएकोप्रति धन्यवाद ज्ञापनसहित सम्बोधन गर्नुभयो ।

- २३ मार्च २०२३ का दिन महाभूकम्पपछिको पुर्ननिर्माणका क्रममा सुरू गरिएको लाप्राक बस्ती विकास आयोजनाका लागि खरिद गरिएका निर्माण उपकरण, औजार र सवारी साधन तथा बालुवाटारस्थित एनआरएनए सचिवालयले खरिद गरेका फर्निचर तथा सामाग्रीहरू राष्ट्रिय आविष्कार केन्द्र एनआईसीलाई सहयोगस्वरूप हस्तान्तरण भयो ।

- २६ मार्च २०२३ का दिन गैरआवासीय नेपाली संघ महिला फोरमको आयोजनामा ओसेनिया क्षेत्रको लागि स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा कार्यकारी अध्यक्ष रबिना थापाले सम्बोधन गर्नुभयो ।

- २९ मार्च २०२३ मा गैरआवासीय नेपाली संघका प्रतिनिधि र सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवबीच भेटघाट भयो । कार्यकारी अध्यक्ष रबिना थापा र अध्यक्ष कुल आचार्यको प्रतिनिधित्वमा गएको प्रतिनिधि मण्डल र उपराष्ट्रपतिबीच गैर आवासीय नेपाली संघले लामो समयदेखि उठाउँदै आएको नागरिकताको निरन्तरता, विदेशमा रहेका नेपालीको सम्पत्तिको सुरक्षा, नेपालमा सहजै लगानीको वातावरण निर्माण लगायत नेपाललाई समृद्ध बनाउन नेे सहकार्य लगायतका विषयमा छलफल भयो ।

- १ अप्रिल २०२३ का दिन गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष डा बद्री केसी र अध्यक्ष कुल आचार्यको नेतृत्वमा एक प्रतिनिधिमण्डले माननीय उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठबीच भेटघाट गरी बधाई तथा शुभकामना प्रदान गऱ्यो । उक्त अवसरमा गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनमा भई रहेको ढिलाई ध्यानाकर्षण गराउँदै नागरिकताको विषयलाई यथाशक्य छिटो सम्बोधन गर्न आग्रह गर्नुका साथै नेपालमा लगानी भित्र्याउन विद्यमान कठिनाई समाधान लगायतका विषयमा छलफल भयो ।

- २ अप्रिल २०२३ का दिन गैरआवासीय नेपाली संघको सचिवालयमा पदाधिकारीको बैठक बस्यो । मुख्यतया युरोप र अमेरिकाको क्षेत्रीय बैठक र अन्य सरोकारका विषयमा छलफल भयो ।

- ३ अप्रिल २०२३ का दिन गैरआवासीय नेपाली संघको सचिवालयमा कार्यकारी अध्यक्ष रविना थापा र अध्यक्ष डा बद्री केसीको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यबीच भेटघाट भयो । मुख्यतया पोखरामा निर्माण हुन लागेको आधुनिक शौचालयका साथै अन्य सरोकारका विषयमा छलफल भयो ।

- ६ अप्रिलका दिन गैरआवासीय नेपाली संघ र सिप्रदी ट्रेडिंग प्रा. लि. बीच एक सम्झौता पत्र हस्ताक्षर भयो । संघका तर्फबाट कार्यकारी अध्यक्ष रविना थापाले हस्ताक्षर गर्नुभयो । उक्त सम्झौता पत्रमा संघका तर्फबाट कार्यकारी अध्यक्ष रबिना थापा तथा प्रमुख कार्यकारी अधिकृत रबि किरण अधिकारी तथा सिप्रदी ट्रेडिंगका तर्फबाट वरिष्ठ संस्थागत सेल्स म्यानेजर देव शंकर थपलिया तथा वरिष्ठ संस्थागत सेल्स अधिकृत विकास दाहालले हस्तक्षर गर्नुभएको थियो । उक्त सम्झौता अनुसार संघको भवनमा ४ महिना भित्र घुम्ती रगत बसहरू नेपाल आईसक्ने छ ।

- ७ अप्रिलका दिन गैरआवासीय नेपाली संघ (एनआरएनए) को प्रतिनिधिमण्डलले अर्थमन्त्री डा. प्रकाशशरण महतसँग भेट गऱ्यो । सो अवसरमा उहाँलाई बधाई तथा शुभकामना व्यक्त गरियो । कार्यकारी अध्यक्ष डा बद्री केसीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले ज्ञापनपत्रमार्फत् आफ्ना धारणा अर्थमन्त्री डा. महतसमक्ष राखेको थियो । सो अवसरमा लगानीमैत्री वातावरण, नागरिकताको निरन्तरता, सम्पत्तिको सुरक्षा लगायतका विषय सम्बोधनका लागि आग्रह गरिएको थियो ।

- ७ अप्रिल २०२३ मा संघका कार्यकारी अध्यक्ष रबिना थापा, अध्यक्षद्वय बद्री केसी र कुल आचार्यले नेकपा एमाले नेता सुवास नेम्वाङ, नेपाली कांग्रेसका सचेतक रमेश लेखक र नेकपा माओवादीको हितराज पन्त, राष्ट्रिय स्वतन्त्र पार्टीका सचेतक मनिस झासँग भेटघाट सम्पन्न भयो । सो अवसरमा समसामायिक विषयबस्तुमा छलफल भयो । साथै, उहाँहरूलाई यूरोप क्षेत्रीय बैठकका लागि आमन्त्रण समेत गरियो ।

- ७ अप्रिलकै दिन गैरआवासीय नेपाली संघ (एनआरएनए) को कार्यकारी अध्यक्षको जिम्मेवारी डा. बद्री केसीले सम्माहल्नुभयो । सो अवसरमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष डा. केसीले १९ बुँदे प्रतिबद्धता पत्र जारी गर्दै संस्थामा सबैको अपनत्व हुने गरि एकता कायम गर्न विशेष पहल कदमी लिइने बताउनुभयो ।

- ९ अप्रिलका दिन गैरआवासीय नेपाली संघको सचिवालयमा 'मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स' को विश्वस्तरीय प्रतिष्पर्धाका लागि इन्ट्रानेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकामार्फत नेपाल आउनुभएका नेपाली मुलका कलाकारलाई विशेष सम्मान गरियो । सो अवसरमा कार्यकारी अध्यक्ष डा बद्री केसीले दोस्रो पुस्ताका गैरआवासीय नेपालीहरूले हासिल गरेको सफलता र नेपालप्रति देखाएको अथाह आस्थाको प्रशंसा गर्नुभयो ।

- ९ अप्रिल २०२३ का दिन अन्तर्राष्ट्रिय समन्वय परिषदको ८९ औं बैठक सम्पन्न भयो । मुख्यतया क्षेत्रिय बैठक, मेघा परियोजना, एनसीसीको सक्रियता, एमआइएस प्रणाली, मिलाप लगायतका सरोकारका विषयमा छलफल भयो ।

- १० अप्रिल २०२३ का दिन गैरआवासीय नेपाली संघ एनआरएनएको सहयोगार्थ पोखराको महेन्द्रपुलमा निर्माण हुन लागेको मेघा परियोजना अन्तर्गतको अत्याधुनिक नमुना सार्वजनिक शौचालय र चमेना गृहको शिलान्यास भयो । संघका अध्यक्षद्वय बद्री केसी तथा रबिना थापा र महानगरका प्रमुख धनराज आचार्यले संयुक्त रूपमा शिलान्यास गर्नुभयो ।

- ११ अप्रिल २०२३ का दिन अध्यक्ष कुल आचार्यले नेपाल उद्योग वाणिज्य महासंघको ५७ औं साधारणसभाको उद्घाटन सत्रमा सहभागीता जनाउनुभयो ।

- १२ अप्रिल २०२३ का दिन गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष डा बद्री केसी र साँगा चौकगढी नगरपालिकाका प्रमुख कृष्ण प्रसाद सापकोटाले सिन्धुपाल्चोकस्थित बेत्रेश्वरी आधारभूत विद्यालयको नवनिर्मित भवन संयुक्त रूपमा हस्तारण गर्नुका साथै विद्यार्थीहरूलाई शैक्षिक सामाग्री वितरण गर्नुभयो । क्ष्इध्, अमेरिकाको आर्थिक सहयोग, मास कन्सल्ट प्रालिको प्राविधिक सहयोग तथा गैरआवासीय नेपाली संघको संयोजनमा उक्त विद्यालय भवनको निर्माण गरिएको हो । उक्त कार्यक्रममा ४० जना विद्यार्थीहरूलाई शैक्षिक सामाग्री वितरण गरिएको थियो ।

- १३ अप्रिल २०२३ का दिन गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष डा बद्री केसी, अध्यक्ष कुल आचार्य लगायतका पदाधिकारीहरूले माननीय उपप्रधान तथा रक्षामन्त्री श्री पूर्ण बहादुर खड्कालाई भेटेर बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै नागरिकता लगायत समसामायिक विषयवस्तुमा छलफल गर्नुभयो ।

- १३ अप्रिल २०२३ का दिन गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष डा बद्री केसीले पूर्व उपप्रधानमन्त्री तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष माननीय श्री राजेन्द्र प्रसाद लिङदेनलाई भेटेर युरोप क्षेत्रीय बैठकबारे जानकारी गराउनुका साथै आमन्त्रण गर्नुभयो ।

- १४ अप्रिलका दिन गैरआवासीय नेपाली संघका अध्यक्षहरूले नववर्ष २०८० को शुभकामना व्यक्त गर्नुभयो । सोही दिन आइएस र एसिया तथा ओसेनिया क्षेत्रसँग बैठक मुख्यतया संघको मेम्बरसीपबारे छलफल भयो । १४ अप्रिलकै दिन गैरआवासीय नेपाली संघका अध्यक्ष कुल आचार्यलाई सम्माननीय राष्ट्रपतिबाट सुप्रबल जनसेवा पदकबाट सम्मानीत हुनुभयो ।

- १६ अप्रिल २०२३ गैरआवासीय नेपाली संघका श्रम, वैदेशिक रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको प्रमुख आतिथ्यतामा सामाजिक सुरक्षा कोष सम्बन्धि अभिमुखीकरण तालिम भर्चुअल माध्यमबाट सम्पन्न भयो । उक्त अवसरमा संघका कार्यकारी अध्यक्ष डा बद्री केसी, अध्यक्ष कुल आचार्य, रबिना थापा लगायतका, पदाधिकारीहरू लगायत भर्चुअल माध्यमबाट जोडिएका वैदेशिक रोजगारमा रहेका नेपालीहरूको सहभागीता रह्यो ।

- १६ अप्रिल २०२३ का दिन गैरआवासीय नेपाली संघद्वारा स्थापना गरिएको अरनिको अन्तर्राष्ट्रिय पुरस्कार सम्माननीय राष्ट्रपतिज्यूको हातबाट वितरण गर्ने कार्य सम्पन्न भयो । यस कार्यक्रममा संघका कार्यकारी अध्यक्ष डा बद्री केसी, अध्यक्ष कुल आचार्य लगायतका पदाधिकारी तथा अभियन्ताहरूको सहभागीता रह्यो ।

- १६ अप्रिलकै दिन गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष डा बद्री केसी, अध्यक्ष कुल आचार्य लगायतका पदाधिकारीहरूको नवनियुक्त परराष्ट्र मन्त्री एनपी साउदसँग भेटघाट भयो बधाइ तथा शुभकामना । मुख्यतया संघका गतिविधिहरूबारे जानकारी गराउनुभयो । यूरोपमा हुन लागेको क्षेत्रीय सम्मेलनको लागि प्रमुख अतिथीको रूपमा निमन्त्रणा गरियो ।

- १६ अप्रिलकै दिन गैरआवासीय नेपाली संघको महिला विभागद्वारा नववर्ष २०८० को शुभ अवसरमा शुभकामना आदान प्रदान भयो । संघका अध्यक्षहरू, पदाधिकारीहरू, एनसीसीका प्रतिनिधिहरू लगायत विभिन्न मुलुकमा रहनु भएका गैरआवासीय नेपाली अभियन्ताको सहभागिता रह्यो ।

- १६ अप्रिल २०२३ का दिन गैरआवासीय नेपाली संघको महिला विभागद्वारा मध्यपूर्वको लागि स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न भयो । संघका अध्यक्षसहितका पदाधिकारीहरू लगायत गैरआवासीय नेपाली अभियन्ताको सहभागीता रह्यो ।

- १९ अप्रिलदेखि २४ सम्म रास्ट्रिय शभाका अध्यक्ष्य सम्माननीय गणेश तिमल्सिना सहितको ९ जनाको औपचारिक रूस गणराज्यको भ्रमणमा गैर आवासीय नेपाली संघको अध्यक्षको हैसियतले संस्थाको कार्यकारी अध्यक्ष डा. बद्री के. सी.लाई समे त सम्मिलित गराईएको थियो ।

- उक्त कार्यक्रममा रूसका कार्यबाहक परराष्ट्र मन्त्रि आन्द्रे रूदेंको, उप प्रधानमन्त्री डिमित्री चेर्निशेन्को, संघीय सभाका अध्यक्ष भालेन्टिना मात्भिएन्को, राज्य सभाको अध्यक्ष भ्याचेस्लाव भालोडीन लगायत प्रमुख राजनीतिक दलका नेताहरू एवं उद्योग व्यापार संघसँग भेटवार्ता भएको थियो । उक्त वार्तामा नेपाल र रूस गणराज्यसँग आर्थिक तथा सांस्कृतिक सम्बन्ध सुदृढ बनाउँदै नेपालको विभिन्न पुर्वाधार निर्माणको क्षेत्रमा रूसको सम्भावित लगानी सम्बन्धमा छलफल भएको थियो ।

- २७ अप्रिल २०२३ अध्यक्ष रविना थापा र सचिव टीका गुरूङले उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठलाई भेटेर विदेशमा नेपाली सामाग्री प्रमोशनबारे छलफल गर्नुभयो ।

- २८ अप्रिल २०२३ मा एक गैरआवासीय नेपालीको प्रतिबद्धता एक सडक बालबालिकाको सहायता परियोजना सम्बन्धमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव कृष्ण थापा, महिला तथा बालबालिका परिषद्का सदस्यसचिव इन्द्रा ढकाल, ज्ञानेन्द्र श्रेष्ठसँग विशेष छलफल सम्पन्न भयो । छलफलमा अध्यक्ष रबिना थापा, एनआरएन अमेरिकाका नारायण थापा, संघका प्रमुख कार्यकारी अधिकृत रविकिरण अधिकारी लगायतको उपस्थिति रह्यो ।

- २८ अप्रिल २०२३ कै दिन संघको लोगोको ट्रेडमार्क नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा दर्ता भई प्रमाण पत्र प्राप्त भयो ।

- ३० अप्रिल २०२३ मा आइएसको बैठक सम्पन्न भयो । उक्त बैठकमा मोनिटरी र सुपरभिजन कमिटी, मिलाप कमिटी,मेम्बरसिप, एनआरएन लोगो लगायतका एजेन्डामाथि छलफल भयो ।

**प्रधान सम्पादक**
शिव वरूवाल
सोम सापकोटा

**कार्यकारी सम्पादक**
इन्द्र लक्ष्मी घिमिरे

**समाचार संयोजक**
चिरन शर्मा

**सल्लाहकार सम्पादक**
भगिरथ योगी

गैरआवासीय नेपाली संघ
सुवर्ण सम्शेर मार्ग बालुवाटार, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: ११८९
फोन: ०१-४४११५३०/४४२६००५
ईमेल: info@nrna.org
वेबसाइट: www.nrna.org

***twitter :*** nrnaOfficial ***Facebook*** : https://www.facebook.com/NRNAOfficial/